## १. कृषि स्नातक प्राविधिक (कृषि विज्ञान तर्फ)

### कार्य विवरण :

१.स्थानिय तहको कृषि विकास सम्बन्धी गर्नुपर्ने विभिन्न कियाकलापहरुको सञ्चालन तथा सहजिकरण गर्ने ।

२.स्थानिय तहमा वित्तिय हस्तान्तरण भएका कार्यकमहरुको कार्यन्वयन तथा सहजिकरण गर्ने ।

३.पालिका अन्तर्गत सञ्चालित कृषि कार्यकमहरुको मासिक,त्रैमासिक र वार्षिक प्रगतिहरु निर्धारित ढाँचामा तयार गरि सम्बन्धित निकायमा सम्प्रेषण गर्ने ।

४.पालिकाको किसान सूचीकरण कार्य र कृषि तथ्याङ्क अद्यवधिक गर्ने ।

५.बजार पुर्वधार,नर्सरी,एग्रोभेट,स्थानिय तहमा दर्ता भएका कृषि सहकारी,समूह तथा कृषि उद्यमहरुको विवरण सहितको पालिकास्तरीय कृषि प्रोफाईल तयार गर्ने ।

६.स्थानिय आवश्यकता पहिचानको आधारमा कृषि प्रसार सेवा प्रवाह गर्ने ।

७.आकस्मिक बाली संरक्षण सेवा प्रदान गर्ने र प्राविधिक सेवा प्रदानमा समन्वय गर्ने ।

८.कृषि बीमा र सहुलियत कृषि कर्जाको लागि सहजिकरण गर्ने ।

९.संघ तथा प्रदेशका कृषि सम्बन्धी सरकारी तथा गैर सरकारी संघसंस्थाहरुसँग आवश्यकता अनुसार समन्वय गर्ने ।

१०.अनुसन्धान पछि आएका नविन प्रविधि अनुसरणका लागि पालिकाका कृषक समुदायमा प्रचार प्रसार गर्ने ।

११.पालिकाको योजना तर्जुमा कार्यमा कृषि शाखाका प्राविधिकहरुलाई सहयोग गर्ने ।

१२.स्थानिय महत्वका बालीबस्तुहरुको उत्पादन तथा व्यवसायिक योजना तयार गर्ने ।

१३. कृषि सम्बन्धी न्युनतम पर्वधारहरुको सम्भाव्यता अध्ययन गर्ने ।

१४.पालिकाले तोके बमोजिमको अन्य कार्य गर्ने ।

## २.कृषि स्नातक प्राविधिक(पशु विज्ञान तर्फ)

**कार्य विवरण :**

१.पशुपन्छी रोग निधान र उपचार तथा सो कार्यको रेकर्ड अद्यवधिक गर्ने ।

२.पशुपन्छी स्वास्थ्य र उत्पादकत्व कायम र क्रमशः सुधार गर्ने ।

३.सम्बन्धित स्थानिय तहको पशुपन्छी तर्फको वार्षिक कार्यक्रम कार्यन्वयन र प्रगति सम्प्रेषण गर्ने ।

४.स्थानिय तहमा रहेका पशुपन्छीको तथ्याङ्क अद्यवधिक गर्ने र सोको विवरण प्रदेश तथा पशु सेवा विभागमा पठाउने ।

५.स्थानिय तहमा आएका पशु सेवा विभाग मार्फत सशर्त अनुदानका कार्यक्रम सञ्चालन र सहजिकरण गर्ने ।

६.राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत संघबाट प्राप्त सम्पुर्ण खोपहरु सहित खोप कार्यक्रम नियमित रुपमा सञ्चालन गर्ने ।

७.आकस्मिक रोगहरुको Investigation गरि Real Time रिर्पोटिङ गर्ने ।

८.कृतिम गर्भधानको सेवा टेवा दिने तथा सो सम्बन्धी विवरण अद्यवधिक गरि प्रगति सम्प्रेषण गर्ने ।

९.Livestock , Feed Sources Mapping गर्ने ।

१०.Animal Identification and Registration कार्यमा सहयोग तथा सहजिकरण गर्ने ।

११.ईपियोडेमिलोजिकल रिर्पोट नियमितरुपमा प्रदेशको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र संघको पशु सेवा विभाग ईपियोडेमियोलोजि शाखामा सम्प्रेषण गर्ने ।

१२.राष्ट्रिय सूचिकृत रोगहरुको आउटब्रेक अन्वेषण, सर्भिलेन्स र नियन्त्रण गर्ने ।

१३.रोग परिक्षण र निदानका लागि आवश्यक नमूना संकलन गरि प्रयोगशालामा परिक्षण गर्ने र थप परिक्षणको लागि नजिकको प्रयोगशालामा पठाउने ।

१४.भ्याक्सिन भण्डारणको लागि कोल्ड चेन प्रणाली सञ्चालन गर्ने र यसका लागि आवश्यक भएमा जनस्वास्थ्य क्षेत्रसँग समेत समन्वय गरी पशु स्वास्थ्य क्षेत्रमा कोल्ड चेन सिस्टम विकास गर्ने ।

१५.सूचीकृत रोग,सीमाविहिन रोग तथा विश्व पशु स्वास्थ्य संगठनमा तत्कालीन सूचीकृत रोगहरु फैलिएको शंका लागेमा तुरुन्तै नमूना संकलन गरी निदानको लागि नजिकैको भेटेरीनरी अस्पताल वा प्रयोगशालामा पठाउने र सोको जानकारी वा रिपोर्टिङ यथाशीघ्र सम्बन्धित निकाय(पशु सेवा विभाग,भेटेरिनरी इपिडेमियोलोजी शाखा)मा गर्ने ।

१६.जनस्वास्थ्यसँग सम्बन्धित रोगहरु (नेपाल सरकारको राजपत्रमा प्रकाशित भएका प्राथमिकतामा रहेका जुनोटिक रोगहरु)को जनस्वास्थ्यसँग सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरि सर्भिलेन्स,अन्वेषण तथा नियन्त्रण गर्ने ।

१७.पालिकामा रहेका पशुपन्छीपालक किसानका साथसाथै पशुपन्छी संख्या तथा दर्ता भएका पशुपन्छी फार्मको संख्या अद्यवधिक गर्ने ।

१८.पालिकामा कार्यरत पशु सेवा प्राविधिकहरुको अभिलेख राख्ने र नियमित वैठक गरि सोबाट उठेका विषय प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउने ।

१९.रोग फैलिएको समयमा रोग नियन्त्रण सम्बन्धी सूचनामूलक सामग्री तयार गरि प्रकाशन,प्रसारण तथा स्थानिय स्तरमा जानकारी गराउने ।

२०.पशु तथा पशुजन्य पदार्थको आन्तरिक ओसारपोसारका लागि पशु स्वास्थ्य प्रमाण पत्र जारी गर्ने ।

२१.पशुपन्छीजन्य महामारी एवंम प्रकोप लगायतका विपद व्यवस्थापनमा प्रदेश तथा संघ सँग समन्वय र सहकार्य गर्ने ।

२२.पशु सेवा विभागबाट प्राप्त भएका पशुपन्छीमा लगाइने खोपहरु नियमित रुपमा लगाउन भ्यक्सिनेटरको व्यवस्था गर्ने र नियमित खोप लगाएको सम्पूर्ण विवरण विभागमा जानकारी गराउने ।

२३.पालिकामा रेहेका घरपालुवा तथा सामुदायिक कुकुरको रेकर्ड राख्ने र यस्ता कुकुरलाई बन्ध्याकरण तथा रेबिज खोप लगाउने कार्य सञ्चालन गर्ने ।

२४.कुकुरको टोकाईबाट मानिसमा हुने रेबिजलाई शून्यमा झार्ने अभियानलाई सफल बनाउन स्थानिय स्तरमा रेबिज नियन्त्रण कार्य सञ्चालन गर्ने ।

२५.छाडा छोडिएका चौपायको व्यवस्थापनमा स्थानिय संघसंस्थासँग समेत समन्वय गरि कार्य गर्ने र पशु छाडा छोड्ने चलनलाई निरुत्साहित गर्न पशु पहिचान गर्न स्थानिय स्तरमा प्रणाली विकास गर्ने ।

२६.पशुकल्याण सुनिश्चितताको लागि आवश्यक कार्य गर्ने ।

२७.आर्थिक दृष्टिकोणले महत्वपुर्ण रोगहरु(राष्ट्रिय रोग नियन्त्रण कार्यक्रममा समावेश गरिएका रोगहरु)को रोकथाम तथा नियन्त्रणको सन्दर्भमा खोपको व्यवस्थापन गरि नियमित रुपमा भ्याक्सिनेसन गर्ने ।